आज मिति २०७६।१२।२३ गते राप्ती नगरपालिका कोराना (COVID-19) भाइरसका कारण लकडाउनबाट प्रभावित विपन्न परिवारको राहत व्यवस्थापन गर्न वडा ५ का अध्यक्ष एवं खाधान्न संकलन उपसमितिको संयोजक श्री मेनुका पाठक ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपलिकाको कार्यालय भण्डारा चितवनमा बसी निम्न प्रश्तावमा छलफल गरी निर्णय गरियो ।

१. वडा अध्यक्ष श्री मेनुका पाठक – संयोजक
२. विशेष उपस्थिति नगर प्रमुख प्रभा बराल पौडेल
३. विशेष उपस्थिति नगर उपप्रमुख इमान सिंह लामा
४. विशेष उपस्थिति प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल
५. श्री राज कुमार कंडेल (उ.बा.संघ) -सह संयोजक
६. श्री टंक प्रसाद उप्रेती (उ.बा.संघ) - सदस्य
७. श्री घनश्याम कडेल - सदस्य
८. ने क पा बा ट श्री मान बहादुर स्याङ्बो - सदस्य
९. नेपाली कांग्रेसबाट नारायण उप्रेती - सदस्य
१०. कार्यपालिका सदस्य श्री पुष्पा के सी - सदस्य
११. लेखा अधिकृत श्री गोपाल तिवारी - सदस्य
१२. क अ श्री रमेश चौधरी - सदस्य सचिव
१३. श्री टिकाराम भुसाल -
१४. श्री संजीव रेग्मी -
१५. श्री प्रभु राम पाठक -

**प्रस्तावहरु**

**१. पेश भएको दरभाउ पत्र खोली खरिद प्रक्रिया अघि बढाउने सम्बन्धमा ।**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल हुँदा कोरोना भाइरसबाट सिर्जना भएको महामारीको स्थितिमा राहत वितरण कार्य गर्नको लागि यस राप्ती नगरपालिका मिति २०७६।१२।२१ गते र २०७६।१२।२२ गतेको संशोधित सूचना प्रकाशित भए बमोजिम यस कार्यालयमा ३ वटा फर्मले दररेट पेश गरेको पाइयो । जसमध्य संजिवनी खाद्य उद्योग खैरहनी - ६ पर्सा चितवनले सोना मनसुली चामल प्रति के जी रु ४५, मिरमिरे खाद्य उद्योग राप्ती – ५ चितवनले सोना मनसुली ४३।३३ प्रति के जी र थ्रि ब्रदर्श टेडर्स राप्ती-३ चितवनले सोना मनसुली चामल प्रति क्विन्टल रु ४१००, मसुरोको दाल प्रति क्विन्टल १०८००, खानेनुन प्रति के जी रकम रु २० । लाइफवाँय साबुन प्रति पिस ८५ ग्राम तौल भएको रकम रु २८ र तोरिको तेल प्रति लिटर रकम रु १६० र प्याकेजिङ शुल्क चामल सहित प्रति प्याकेट रु १० भ्याट समेत कबुल अंक यस कार्यालयमा पेश हुन आएको देखियो ।

उपरोक्त बमोजिम फर्महरुको तुलानात्म चार्टमा राखी अध्ययन गर्दा सबभन्दा कम अंक पेश गर्ने थ्रि ब्रदर्श ट्रेडर्स राप्ती – ३ सँग सम्झौता गरी राशान (राहत सामग्री) खरिद गर्न मनासिव देखिएकोले सो फर्मबाट अधिकतम ४०० क्विन्टल चालम खरिद गर्ने निर्णय गरियो ।